# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ८) विराटनगर, नेपाल, मंसिर १४ गते, २०८१ साल (अतिरिक्ताङ्क ३४

## भाग २

प्रदेश सरकार

कोशी प्रदेश

विराटनगर, नेपाल

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

## मर्मत सम्भार तथा पुनर्निर्माण कोष सञ्चालन कार्यविधि, २०८१

<u>प्रस्तावना:</u> विपद्‌बाट क्षतिग्रस्त तथा प्रभावित भएका कोशी प्रदेश अन्तर्गतका पूर्वाधार तथा संरचनाहरूको मर्मत तथा पुनर्निर्माण कार्यका लागि "मर्मत सम्भार तथा पुनर्निर्माण कोष" को प्रभावकारी परिचालन गर्न विपद् व्यवस्थापन ऐन, २०७५ को दफा ३८ बमोजिम प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## परिच्छेद - १
## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१) यस कार्यविधिको नाम "मर्मत सम्भार तथा पुनर्निर्माण कोष सञ्चालन कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषा:</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "ऐन" भन्नाले विपद् व्यवस्थापन ऐन, २०७५ सम्झनु पर्छ।

(ख) "कोष" भन्नाले मर्मत सम्भार तथा पुनर्निर्माण कोष सम्झनु पर्छ।

(ग) "मर्मत सम्भार तथा पुनर्निर्माण" भन्नाले बाढी, पहिरो, नदि कटान र भूकम्पबाट क्षति भएका संरचनाको मर्मत सम्भार तथा पुनर्निर्माण सम्झनु पर्दछ।

(घ) "विपद्" भन्नाले बाढी, पहिरो, जल उत्पन्न प्रकोप र भूकम्प सम्झनु पर्छ।

(ङ) "सञ्चालक समिति" भन्नाले ऐनको दफा १६ क. को उपदफा (३) बमोजिम मर्मत सम्भार तथा पुनः निर्माण कोष सञ्चालक समिति सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ।

(छ) "सम्बन्धित मन्त्रालय" भन्नाले कार्यक्षेत्रसँग सम्बन्धित मन्त्रालय सम्झनु पर्छ।

## परिच्छेद-२
## मर्मत तथा पुनर्निर्माण

३. मर्मत तथा पुनर्निर्माण कार्यः विपद्बाट क्षति भएका प्रदेश सरकार अन्तर्गतका देहायको संरचनाको मर्मत सम्भार तथा पुनर्निर्माण र जल उत्पन्न प्रकोप नियन्त्रणका उद्देश्यले गरिने नयाँ निर्माण सम्बन्धी कार्य कोषबाट गरिनेछः-

(क) सडक, पुल, झोलुङ्गे पुल,

(ख) सिँचाई सम्बन्धी संरचना,

(ग) विपद्बाट जोखिममा रहेका संरचना,

(घ) खानेपानी सम्बन्धी संरचना,

(ङ) स्वास्थ्य तथा विद्यालय भवन,

(च) ऊर्जा उत्पादन सम्बन्धी संरचना ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

४. **प्रस्ताव पेश गर्नु पर्नेः** दफा ३ बमोजिमको कार्य गर्न सम्बन्धित मन्त्रालयले सिफारिस साथ देहाय बमोजिमका कागजात संलग्न गरी पहिचान सहितको प्रस्ताव मन्त्रालय समक्ष पेश गर्नु पर्नेछः-

(क) अनुसूची-१ बमोजिमको विपद्बाट क्षति भएको वा वस्ती संरक्षण गर्न बनाउनु पर्ने संरचनाको विवरण,

(ख) मर्मत सम्भार तथा पुनर्निर्माण गर्नुपर्ने संरचनाको लागत अनुमान,

(ग) दफा ५ को छनौटका आधार र दफा ६ बमोजिमको प्राथमिकीकरण मापदण्ड बमोजिम मर्मत सम्भार तथा पुनर्निर्माण गर्नुपर्ने संरचनाको विश्लेषण सहितको प्राविधिक प्रतिवेदन,

तर यस खण्ड बमोजिमको प्रतिवेदन बनाउँदा ड्रइङ डिजाइन आवश्यक पर्ने संरचनाको हकमा ड्रइङ डिजाइन सहितको प्राविधिक प्रतिवेदन पेश गर्नु पर्नेछ।

(घ) प्राथमिकीकरण सहित संरचनाको विवरण,

(ङ) विपद्बाट क्षति भएको बस्ती संरक्षण सम्बन्धी संरचना निर्माण गर्नुपर्ने भए सोको आवश्यकता र औचित्यता,

(च) मर्मत तथा पुनर्निर्माणका सम्बन्धमा सम्बन्धित स्थानीय तह र जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिस ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

५. **<u>संरचना छनौटको आधारः</u>** विपद्बाट क्षति पुगेका संरचनाको मर्मत सम्भार तथा पुनर्निर्माण गर्न छनौट गर्दा देहायको आधार लिनु पर्नेछः-

(क) खानेपानी वितरणलाई सुचारु गर्नुपर्ने संरचना,

(ख) तत्काल आवागमन सुचारु गर्नु पर्ने सडक, पुल तथा झोलुङ्गे पुलसँग सम्बन्धित संरचना,

(ग) स्वास्थ्य सेवा र शैक्षिक गतिविधि सञ्चालन गर्नु पर्ने संरचना,

(घ) विपद्बाट क्षति भएको बस्ती संरक्षण गर्ने संरचना,

(ङ) सिँचाइ तथा विद्युत् आपूर्ति अवरुद्ध भएको संरचना ।

६. **<u>संरचना प्राथमिकता निर्धारणका मापदण्डः</u>** देहाय बमोजिमको संरचनाको क्रमलाई प्राथमिकीकरणमा राख्दै मापदण्डको आधारमा मर्मत सम्भार तथा पुनर्निर्माण गर्ने संरचनाको प्राथमिकता निर्धारण गर्नु पर्नेछः-

| क्र. सं. | संरचनाको किसिम | प्राथमिकता निर्धारणको मापदण्ड |
|---|---|---|
| १ | खानेपानी संरचना | लाभग्राहीको संख्या, मुहान, पाइप लाइन बगाएको, RVT, सम्पवेल |
| २ | सडक, पुल, झोलुङ्गे पुल | प्रादेशिक लोकमार्ग, प्रादेशिक सहायक लोकमार्ग, प्रादेशिक मार्ग, रणनीतिक सडक तथा पुल, जिल्ला जोड्ने सडक तथा पुल, आर्थिक |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| | | |
|---|---|---|
| | | तथा पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण सडक तथा मार्ग |
| ३ | स्वास्थ्य सम्बन्धी संरचना | जनसंख्या, मासिक सेवाग्राहीको संख्या, स्वास्थ्य संस्थाको किसिम |
| ४ | विद्यालय भवन | विद्यार्थी संख्या, विद्यालयको किसिम |
| ५ | विपद्बाट क्षति भएको बस्ती संरक्षण संरचना | जनसंख्या, निर्माण गर्नु पर्ने संरचनाको लागत, सीमान्तकृत समुदायको बसोबास, पहिरो रोकथाम |
| ६ | सिँचाइ संरचना | सिँचाइ हुने जग्गाको क्षेत्रफल, लाभग्राहीको संख्या, साइड इन्टेक, हेडवक्स, नहर तथा अन्य संरचनाहरू |
| ७ | ऊर्जा सम्बन्धी संरचना | उत्पादन क्षमता, ऊर्जा संरचनाको किसिम, लाभग्राहीको संख्या, इन्टेक हेडरेस, पावर हाउस, फोर वे ट्याक्क, पेनस्टक पाइप |

७. <u>लागत सीमा:</u> मर्मत सम्भार तथा पुनर्निर्माण गर्ने संरचनाको लागत अनुमान अधिकतम एक करोडसम्म हुन सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

तर सडक पुनर्निर्माण र बस्ती संरक्षणको हकमा अधिकतम सीमा तीन करोड रुपैयाँ सम्महुन सक्नेछ।

## परिच्छेद-३

## सञ्चालक समिति सम्बन्धी व्यवस्था

८. <u>सञ्चालक समितिको काम, कर्तव्य र अधिकार:</u> (१) सञ्चालक समितिको काम, कर्तव्य र अधिकार ऐनमा तोकिए बमोजिमका अतिरिक्त देहाय बमोजिम हुनेछ:-

(क) सम्बन्धित मन्त्रालयले समिति समक्ष पेश गरेका प्रस्तावित आयोजनाको छनौट तथा प्राथमिकीकरण गर्ने,

(ख) मर्मत सम्भार तथा पुनर्निर्माण गर्नु पर्ने संरचनाको लागत अनुमान सहितको विवरण स्वीकृत गरी सम्बन्धित मन्त्रालयमा कार्यान्वयनका लागि पठाउने,

(ग) मर्मत सम्भार तथा पुनर्निर्माण भइरहेको संरचनाको स्थलगत अनुगमन गर्ने,

(घ) मर्मत सम्भार तथा पुनर्निर्माण कार्यको कम्तीमा अर्धवार्षिक रूपमा समीक्षा गर्ने,

(ङ) सम्बन्धित मन्त्रालय तथा कार्यालयलाई आवश्यक निर्देशन दिने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

(च) मर्मत सम्भार तथा पुनर्निर्माण कोषको वार्षिक प्रगति सहितको प्रतिवेदन प्रदेश सभा समक्ष पेश गर्ने,

९. <u>मर्मत सम्भार तथा पुनर्निर्माण कार्य स्वीकृत गर्ने:</u> (१) मन्त्रालयले दफा ४ बमोजिम प्राप्त कागजात संलग्न राखी मर्मत सम्भार तथा पुनर्निर्माण गर्नु पर्ने संरचना सम्बन्धी प्रस्ताव सञ्चालक समिति समक्ष पेश गर्नु पर्नेछ।

(२) सञ्चालक समितिले उपदफा (१) बमोजिम प्राप्त प्रस्तावहरूमध्ये मर्मत सम्भार तथा पुनर्निर्माण गर्नुपर्ने संरचना र सोमा लाग्ने रकम कोषको रकमबाट खर्च व्यहोर्न सकिने गरी स्वीकृत गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम स्वीकृत रकम भन्दा बढी खर्च गर्नुपर्ने भएमा सञ्चालक समितिको सहमति लिई खर्च गर्नु पर्नेछ ।

## परिच्छेद-४
## <u>खरिद सम्झौता तथा भुक्तानी सम्बन्धमा</u>

१०. <u>खरिद सम्झौता गर्नु पर्ने:</u> (१) दफा ९ को उपदफा (२) बमोजिम स्वीकृति प्राप्त भएको संरचनाको निर्माणको लागि खरिद तथा सम्झौताको प्रक्रिया प्रचलित कानून बमोजिम कार्यान्वयन गर्ने निकायले पूरा गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम भएको सम्झौताका सम्बन्धमा सम्बन्धित मन्त्रालयले मन्त्रालयलाई सात दिन भित्र जानकारी दिनु पर्नेछ र सोको विवरण मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा सात दिनभित्र मन्त्रालयले उपलब्ध गराउनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

११. <u>भुक्तानी सम्बन्धी कार्यविधिः-</u> (१) सम्बन्धित मन्त्रालयले मर्मत सम्भार तथा पुनर्निर्माण कार्यका लागि दफा १० को उपदफा (१) बमोजिम भएको सम्झौता सहित मन्त्रालय समक्ष रकम माग गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम माग भएको रकम सञ्चालक समितिको निर्णयानुसार सम्बन्धित मन्त्रालय अन्तर्गतको कार्यान्वयन गर्ने निकायको कार्य सञ्चालन कोष (विविध) खातामा निकासा गर्नु पर्नेछ। कार्य सञ्चालन कोष (विविध) को खाता सञ्चालन प्रचलित कानुन बमोजिम सम्बन्धित मन्त्रालयको सचिव र लेखा प्रमुख तथा निकायको हकमा कार्यालय प्रमुख र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त भएको रकम कामको प्रगतिको अनुपात अनुसार खर्च गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको खर्चको प्रतिवेदन सम्बन्धित मन्त्रालय मार्फत मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पठाउनु पर्नेछ।

(५) मर्मत सम्भार तथा पुनर्निर्माण कार्य गर्दा खर्च हुन नसकेको रकम सम्बन्धित निकायले अन्तिम बिल भुक्तानी गरेको मितिले एक महिनाभित्र कोषमा फिर्ता गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## परिच्छेद-५
## विविध

१२. **<u>समन्वय गर्ने:</u>** सम्बन्धित मन्त्रालयले मर्मत सम्भार तथा पुनर्निर्माणको कार्य निश्चित समयभित्र सम्पन्न गर्न संघीय सरकारको सम्बन्धित निकाय, स्थानीय तह र विभिन्न दातृ निकाय वा सहायता संस्थाहरूसँग आवश्यक समन्वय गर्नेछ ।

१३. **<u>पालना गर्नुपर्ने:</u>** यस कार्यविधि बमोजिमको कार्य गर्दा प्रचलित संघीय तथा प्रादेशिक कानुनको पालना गर्नु पर्नेछ ।

१४. **<u>निर्देशन दिन सकिने:</u>** (१) सञ्चालक समिति, मन्त्रालय र सम्बन्धित मन्त्रालयले कोषबाट मर्मत सम्भार तथा पुनर्निर्माण कार्यका सम्बन्धमा कार्यान्वयन गर्ने निकायलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशन पालना गर्नु कार्यान्वयन गर्ने निकायको कर्तव्य हुनेछ।

१५. **<u>अनुगमन:</u>** (१) यस कार्यविधि बमोजिम भएको काम कारबाहीको कार्यान्वयनका सम्बन्धमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, मन्त्रालय र सम्बन्धित मन्त्रालयले आवश्यकता अनुसार अनुगमन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमन गरेपछि सम्बन्धित निकायले सञ्चालक समिति समक्ष अनुगमन प्रतिवेदन पेश गर्नु पर्ने छ।



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

१६. **<u>कोषको व्यवस्थापनः</u>** (१) कोषबाट विपद् प्रभावित संरचनाको मर्मत सम्भार तथा पुनर्निर्माण गर्न सक्ने अवधि आ. व. २०८२/०८३ को अन्त्यसम्म मात्र रहनेछ। त्यसपछि कोष खारेज हुनेछ।

(२) कोष खारेजी हुँदा कोषमा मौज्दात रहेको सबै रकम प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको अवधि भित्र विपद्बाट प्रभावित संरचनाको मर्मत सम्भार र पुनर्निर्माणको कार्य सम्पन्न हुन नसकेमा र कोषमा रकम मौज्दात भएको अवस्थामा कोष सञ्चालक समितिको बैठकले निर्णय गरी यसको अवधि बढाउन सक्नेछ।

१७. **<u>प्रगति प्रतिवेदन पेश गर्नु पर्नेः</u>** (१) मर्मत तथा पुनर्निर्माण भएका संरचनाको प्रगति प्रतिवेदन सम्बन्धित मन्त्रालयले त्रैमासिक रूपमा अनुसूची-२ बमोजिमको ढाँचामा मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

(२) मन्त्रालयले उपदफा (१) बमोजिम प्राप्त प्रगति प्रतिवेदन एकीकृत गरी सञ्चालक समिति र विपद् व्यवस्थापन परिषद् समक्ष पेश गर्नु पर्नेछ।

१८. **<u>दोहोरोपना हुन नहुनेः</u>** (१) यस कार्यविधि बमोजिमको मर्मत तथा पुनर्निर्माण कार्य सञ्चालन गर्दा संघ, प्रदेश वा स्थानीय तहको पुनर्निर्माण कोष वा अन्य स्रोतको खर्चमा दोहोरोपना नहुने गरी सञ्चालन गर्नु पर्नेछ।

(२) मर्मत तथा पुनर्निर्माण कार्यमा दोहोरोपना हुन नदिने व्यवस्था मिलाउने जिम्मेवारी सम्बन्धित मन्त्रालयको हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

१९. <u>कार्यविधि बमोजिम गर्नुपर्ने</u>: कोषबाट प्राप्त रकम खर्च गर्दा यस कार्यविधिले निर्धारण गरे बमोजिम खर्च गर्नु पर्नेछ ।

२०. <u>लेखा तथा लेखापरीक्षण</u>: कोषबाट रकम प्राप्त गर्ने निकायले खर्च भएको रकमको छुट्टै लेखा राखि सोको आन्तरिक र अन्तिम लेखापरीक्षण गराई सोको प्रतिवेदन मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## अनुसूची -१

(दफा ४ को खण्ड (क) सँग सम्बन्धित)

विपद्बाट क्षति भएको वा क्षति हुन सक्ने संरचनाको विवरण

१. क्षति भएको मितिः

२. विपद्को प्रकार(जस्तै भू-कम्प, बाढी, पहिरो, नदि कटान आदी):

३. आयोजनाको नाम:

४. आयोजना स्थल...............टोल................
पालिका........................वाड नं............... जिल्ला.............

५. विपदद्वारा प्रभावित घरधुरी........................
जनसंख्या..................

६. क्षतिको विवरण:

| क्र.स. | संरचनाको प्रकार | संरचनाको नाम | क्षतिको प्रकार (विवरण सहित) | क्षतिको प्रारम्भिक लागत अनुमान (रू.) | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

<u>नोटः</u>

- संरचनाको प्रकारः आवासीय घर, विद्यालय, अस्पताल, सडक, पुल, आदि जस्ता संरचनाको प्रकार उल्लेख गर्नुहोस्।
- संरचनाको नाम/ठेगानाः संरचनाको नाम वा ठेगाना स्पष्ट रूपमा उल्लेख गर्नुहोस्।
- क्षतिको प्रकारः संरचनामा भएको क्षतिको विस्तृत विवरण उल्लेख गर्नुहोस्। (जस्तै भित्ता चर्किएको, छानो भत्किएको, ढोका झरेको, विद्युत् तार चुँडिएको, आदी)।
- क्षतिको प्रारम्भिक लागत अनुमानः संरचना मर्मत वा पुनर्निर्माण गर्न लाग्ने प्रारम्भिक लागत अनुमान उल्लेख गर्नुहोस्।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## अनुसूची-२

(दफा १७ को उपदफा (१) सँग सम्बन्धित)

## प्रगति प्रतिवेदन

१. आयोजनाको नाम:..........................................................

२. आयोजना स्थल..............................टोल.........................
पालिका........................................वाड नं...................
जिल्ला.............

३. विपदद्वारा प्रभावितः घरधुरी...................जनसंख्या.............

४. सञ्चालक समितिबाट स्वीकृत मितिः..................................

५. प्रगति विवरण:

| क्र. स. | संरचना को प्रकार | संरचना को नाम | क्षतिको प्रकार | मर्मत सम्भार तथा पुनर्निर्माण को लागत अनुमान | सम्झौता रकम | अनुमानित सम्पन्न हुने मिति | भौतिक प्रगति | वित्तीय प्रगति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |

**नोटः**

- संरचनाको प्रकारः आवासीय घर, विद्यालय, अस्पताल, सडक, पुल, आदि जस्ता संरचनाको प्रकार उल्लेख गर्नुहोस्।
- संरचनाको नाम/ठेगानाः संरचनाको नाम वा ठेगाना स्पष्ट रूपमा उल्लेख गर्नुहोस्।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

- क्षतिको प्रकारः संरचनामा भएको क्षतिको विस्तृत विवरण उल्लेख गर्नुहोस्। (जस्तै भित्ता चर्किएको, छानो भत्किएको, ढोका झरेको, विद्युत् तार चुँडिएको, आदी)।
- मर्मत तथा पुनर्निर्माणको लागत अनुमानः संरचना मर्मत वा पुनर्निर्माण गर्न लाग्ने लागत उल्लेख गर्नुहोस्।
- प्रगतिः भौतिक र वित्तीय प्रगति प्रतिशतमा उल्लेख गरी भौतिक प्रगतिको फोटो समेत संलग्न गर्नुहोस्।

स्वीकृत मिति : २०८१।०८।१४

आज्ञाले,

..............

कमल बहादुर थापा

नि.प्रदेश सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, विराटनगरमा मुद्रित।
website:- moial.koshi.gov.np